'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily
राष्ट्रिय दैनिक

वर्ष १ | अंक : ११३ | विहिवार ०४ पुष, २०८१ | 19 (Thursday) December 2024 | पृष्ठ ४, | मूल्य रु : १०।-

### कर्णालीमा यस वर्ष धान उत्पादन घट्यो
## उचित श्रमशक्ति र सिचाई सुविधा नहुनु उत्पादन घट्नुको प्रमुख कारण

नमस्ते समचारदाता

सुर्खेत, पुष/०३



कर्णाली प्रदेशमा यस वर्ष धानको उत्पादन घटेको छ। प्रदेशको भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका अनुसार गत वर्षभन्दा यस वर्ष १ हजार १७४ मेट्रिक टनले धानको उत्पादनमा कमी आएको हो। मन्त्रालय श्रोतका अनुसार प्रदेशभर यस वर्ष १ लाख २३ हजार ७९५ मेट्रिक टन धान उत्पादन भएको छ। प्रदेशको ३९ हजार ७६३ हेक्टर जमिनमा धान खेती भएको थियो। कर्णाली प्रदेशभरी गत वर्ष १ लाख २४ हजार ९६९ मेट्रिक टन धान उत्पादन भएको थियो। यस वर्ष सुर्खेतमा सबैभन्दा बढी ५२ हजार ९०४ मेट्रिक टन धान उत्पादन भएको छ। त्यसपछि दैलेखमा २५ हजार १२० र सल्यानमा २३ हजार ६३० मेट्रिक टन धान उत्पादन भयो। विवरण अनुसार प्रदेशका हिमाली जिल्ला डोल्पा र हुम्लामा धान उत्पादकत्व निकै कम छ। डोल्पामा १९९ हेक्टर क्षेत्रफलमा धान खेती भएकोमा ३५० मेट्रिक टन धान उत्पादन भएको छ। ५८५ हेक्टर क्षेत्रफलमा खेती भएको मुगुमा ९७५ मेट्रिक टन उत्पादन भएको छ। यस्तै हुम्लामा १ हजार ३६, जुम्लामा ६ हजार ३९५, कालीकोटमा ५ हजार पाँच सय, रुकुमपश्चिममा ५ हजार ४८५ मेट्रिक टन धान उत्पादन भएको छ। यसै गरी सल्यानमा २३ हजार ६३० र जाजरकोटमा आठ हजार ७९५ मेट्रिक टन उत्पादन भएको कृषि मन्त्रालयले जनाएको छ। भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका कृषि अधिकृत पूर्णबहादुर थापाका अनुसार उत्पादन घट्नुको मुख्य कारण आवश्यक जनशक्ति विदेश पलायन हुनु हो। कर्णालीका अधिकांश युवा रोजगारीको सिलसिलामा कालापहाडदेखि विभिन्न मुलुकमा पुगेका छन्। अर्को कारणमा बरु चामल किनेर खाउँला भन्ने प्रवृत्ति हाबी भएपछि खेती गर्ने किसानको संख्या कम हुँदै गएको उनले बताए। थापाले भने, 'अहिले धाने जिउलाहरू बाँझो छन्। अर्को समयमा पानी नपर्नु। अझै पनि परम्परागत धान खेती गर्नुदेखि रोगको प्रकोप रोक्न नसक्दा उत्पादनमा ह्रास आएको देखिन्छ।' प्रदेश सरकारले कृषि क्षेत्रमा लगानी बढाइरहँदा उत्पादकत्व घट्नुका साथै कर्णाली खाद्यमा परनिर्भर हुँदै गएको छ। मन्त्रालयका अनुसार उन्नत बिउमा समेत प्रदेश सरकारले अनुदान दिने गरेको छ। तथ्याङ्कलाई केलाउने हो भने कर्णालीमा उत्पादन भएको धानको चामलले कर्णालीका सबैजसो नागरिकलाई ६ महिना पनि खान पुग्दैन। कर्णालीमा कुल २ लाख ९९ हजार ३ सय ३९ हेक्टर क्षेत्रफल जमिन खेतीयोग्य छ। २ लाख १६ हजार ८ सय ८० हेक्टर क्षेत्रफल जमिनमा मात्रै खेती गर्ने गरिएको छ। त्यसमा पनि ४५ हजार ४ सय ६८ हेक्टर क्षेत्रफल जमिनमा मात्र धान खेती हुन्छ। तथ्याङ्क अनुसार डोल्पामा २ सय ७६, मुगुमा ४ हजार ४ सय २०, हुम्ला ६ सय १०, जुम्लामा २ हजार ९ सय, कालीकोटमा ३ हजार ८१, रुकुमपश्चिममा ३ हजार ४८, सल्यानमा ७ हजार ७८, जाजरकोटमा ३ हजार ६३, दैलेखमा ८ हजार ३ सय १३ र सुर्खेतमा १२ हजार ६ सय ७९ हेक्टर क्षेत्रफलमा धान खेती हुन्छ।

बाँकी ३ पेजमा...

## बाँकेको सुरक्षा संवेदनशिलता प्रति गृहमन्त्री असन्तुष्ट

नमस्ते समचारदाता

बाँके, पुष/०३




गृहमन्त्री रमेश लेखकले बाँकेमा प्रहरी प्रशासनको कामकारबाही प्रति असन्तुष्टि जनाएका छन्। बाँकेमा पछिल्लो समय सशस्त्रका एसपी विमल डाँगीको निर्देशनमा तस्कारी र असुली मात्रै नभई नागरिक माथि दादागिरी समेत हुने गरेको जनगुनासाहरु आफूलाई पनि आइरहेको लेखकले सुनाए। सशस्त्र प्रहरी ३० नम्बर मुख्यालय नेपालगन्जका एसपी र सशस्त्रको जमुनाह क्षेत्रमा गरिरहेको दादागिरी तथा असुली बिरुद्ध गृहमन्त्री रमेश लेखक एक्सनमा देखिएका छन। बाँकेमा बद्दो तस्करी प्रति गृहमन्त्री लेखकले यहाँका सिडिओ, नेपाल प्रहरी र सशस्त्र प्रहरी प्रमुखको कडा आलोचना गरेका छन्। मंगलबार रुपन्देहीमा लुम्बिनी प्रदेश स्तरिया सुरक्षा गोष्ठिलाई सम्बोधन गर्दै गृहमन्त्री लेखकले बाँकेमा बढ्दो तस्करी नियन्त्रणमा बाँकेका सुरक्षा प्रमुखहरु चुकेको भन्दै यसवारे तत्काल छानबिन गरी तस्करीमा संलग्न प्रहरीमाथि आवश्यक कानूनी कारवाही अघि बढाउने चेतावनी दिएका छन्। सीमानामा हुने तस्करी तत्काल नियन्त्रण गर्न प्रहरी प्रशासनलाई निर्देशन दिदै गृहमन्त्री लेखकले भन, 'मैले बाँके लगायतको जिल्लामा तस्करी बढेको र राजस्व घटेको सुनेको छु। अब पनि तस्करी रोकिएन भने राम्रो हुदैन।' सीमा क्षेत्रमा तस्करी हुँदा राजश्व चुहावट भइरहेको कुरा सुन्न नपर्ने गरी तस्करी नियन्त्रण गर्न निर्देशन दिदै लेखकले यसबाटै प्रहरी कर्मचारीको कार्यदक्षताको मूल्यांकन हुने बताए। उनले भने, 'अब यो या त्यो बहाना बनाएर छुट पाइने छैन।'

## कर्णाली प्रदेशमा मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन

नमस्ते समचारदाता

सुर्खेत, पुष/०३

कर्णाली प्रदेश मन्त्रीपरिषद्को बैठकले मुख्यमन्त्री रोजगार कार्यक्रम बाँडफाँट गरी कार्यान्वयनका लागि स्थानीय तहमा अख्तियारी प्रदान गर्ने निर्णय गरेको छ। मङ्गलबार बसेको मन्त्रीपरिषद् बैठकले कर्णाली प्रदेशका स्थानीय तहमा सञ्चालन हुने मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालनका लागि अख्तियारी प्रदान गरेको हो। यस्तै बैठकले बयीचौर-बिउरेनी-बाबियाचौर-विद्यापुर सडकखण्ड (१३.१) किलोमिटर लाई राष्ट्रिय प्राथमिकता आयोजनामा समावेश गर्ने, कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ संशोधन गर्ने र परियोजना सम्झौता गर्नका लागि सहमति प्रदान गर्ने सम्बन्धमा निर्णय गरेको छ। यस्तै सहयोगापेक्षी मानव संरक्षण तथा व्यवस्थापन कार्यविधि र अपाङ्गता प्रदेश निर्देशन समिति गठन, सञ्चालन तथा व्यवस्थापनसम्बन्धी कार्यविधि स्वीकृत गरेको छ। बैठकले अपाङ्गता रोकथाम तथा पुनर्स्थापना साझेदारी कार्यक्रम सङ्घ, प्रदेश र स्थानीय तह सञ्चालन निर्देशिका स्वीकृत गरेको छ।

## लागुऔषध ओसारपसारको अभियोगमा १६ जना पक्राउ

नमस्ते समचारदाता

बाँके, पुष/०३



बाँकेमा प्रहरीले गत मंसीर महिनामा मात्रै लागुऔषध ओसारपसार विरुद्धको कारबाहीमा ठूलो परिमाणमा ब्राउनसुगर बरामद गरेको छ। जिल्ला प्रहरी कार्यालय बाँकेले १६१ ग्राम ९५० मिलिग्राम ब्राउनसुगर, प्रतिबन्धित औषधि ८० ट्याब्लेट, नाइट्राजेपाम र ४३६ ट्याब्लेट ट्रामाडोलसहित १६ जना ओसारपसार कर्तालाई पक्राउ गरेको जानकारी दिएको छ। जिल्लाभरबाट अवैध तस्करी बरामद तर्फ रु. ९ लाख ३३ हजार ७ सय ६० बराबरको अवैध सामग्री समेत बरामद भएको र बरामद गरिएको सबै सामग्रीलाई नेपालगञ्ज भन्सार कार्यालयमा बुझाइएको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक तुलबहादुर कार्कीले जानकारी दिएका छन्। जिल्ला प्रहरी बाँकेबाट खटिएको टोलीले मंसीरमा ५४ जना फरार प्रतिवादीलाई पक्राउ गर्न सफल भएको छ। उनीहरुलाई ७ वर्ष २ महिना २० दिन कैद र रु. ८ लाख ६३ हजार ८०० जरिवाना असुल उपर गरिएको प्रहरीले जनाएको छ। प्रहरीले बाँकेमा दर्ता भएका जम्मा ८४ मुद्दामा ५२ व्यक्तिलाई पक्राउ गरी कानुनी दायरामा ल्याइएको छ भने पर्खाइमा रहेका ३८ मुद्दालाई फछ्र्यौट गरिएको जानकारी गराएको छ। ठाडो उजुरी तर्फका ४ सय २८ मुद्दामा ४ सय १६ फछ्र्यौट भएको र १२ वटा बाँकी निवेदन फछ्र्यौट प्रक्रियामा छन्। जिल्लाभरमा अवैधरुपमा नदीजन्य पदार्थ उत्खनन गर्ने ४ वटा ट्र्याक्टर नियन्त्रणमा लिएर आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा बुझाएर रु. ४६ हजार जरिवाना गराइएको छ। जिल्ला प्रहरी कार्यालयमा महिला बालबालिकासँग सम्बन्धित ६ वटा मुद्दा दर्ता हुँदा ६ जना व्यक्तिलाई पक्राउ गरी कानुनी दायरामा ल्याइएको छ भने घरेलु हिंसा सम्बन्धी दर्ता भएका ५० उजुरीमा ३६ उजुरी फछ्र्यौट गरिएको छ। १४ उजुरी अनुसन्धानको प्रक्रियामा रहेको प्रहरीले जानकारी दिएको छ। हराएका महिला, बालबालिका तथा ज्येष्ठ नागरिकतर्फको १० निवेदन परेकोमा ६ जनालाई फेला पारी अभिभावकको जिम्मा लगाइएको र बाँकी खोजतलासको क्रममा रहेका छन्। ट्राफिक प्रहरीको कारबाहीतर्फ मंसीरमा मात्रै २ हजार ८ सय ८६ सवारी साधनलाई कारबाही गर्दै रु. २४ लाख ७१ हजार ५ सय राजस्व सङ्कलन गरिएको छ। जिल्ला प्रहरी कार्यालयले मंसीर २८ गते मात्रै १५० ग्राम ब्राउन सुगर सहित ३ जनालाई पक्राउ गरेको थियो।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्यान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई
सम्झनुहोला।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
व्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७२४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

सत्यवाणी :

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । - नेपाल पत्रकार महासंघ

# सम्पादकीय



## शान्ति प्रक्रिया टुङ्ग्याऊ

यतिबेला नेपालको शान्ति प्रक्रियाको अन्तिम कडीको रुपमा रहेको संक्रमणकालीन न्याय एउटा संवेदनशील विषय हो, जसलाई गम्भीरतापूर्वक पूरा गरिएन भने दुई दशक लामो शान्ति प्रक्रियाले पूर्णता पाउने छैन। शान्ति प्रक्रियाले पूर्णता नपाउने मात्र होइन, यसमा आवश्यक ध्यान दिइएन भने एकातिर पीडितको आवाज सम्बोधन हुनैछैन भने अर्कोतिर विश्व समुदायले यसलाई सकारात्मक प्रगति मान्ने छैन । संसदले लामो बहसपछि संक्रमणकालीन न्याय निरुपण गर्न टिआरसी ऐन पारित गरेको छ । शान्ति प्रक्रिया टुंग्याउने यो महत्वपूर्ण चरण हो। यसका आधारमा आयोगहरु बनाएर बेपत्ता नागरिकको अवस्था सार्वजनिक (एक प्रकारले भन्दा मृत्यु घोषणा) गर्ने, उनीहरु कस्तो अवस्थामा मारिएका हुन् भन्ने अनुसन्धान गरेर परिवारलाई जानकारी दिने, राहत तथा परिपूरणको व्यवस्था गर्ने र अन्य पीडित तथा पीडकको हकमा सामान्य मुद्दामा मेलमिलाप गराउने, पीडितलाई परिपूरणको व्यवस्था गर्ने र जघन्य अपराधको हकमा आवश्यक छानबिन गरेर दोषीमाथि कानुनी कारवाहीको प्रक्रिया अगाडि बढाउन अब ढिला गर्नु हुँदैनथ्यो । यही विधिबाट मात्रै शान्ति प्रक्रियाको अन्तिम चरण संक्रमणकालीन न्याय टुंग्याउन सकिने छ। तर यसमा फेरि दलहरुले अनावश्यक राजनीति शुरु गरेका छन्। खासगरी सत्तारूढ दलकै शीर्ष नेताबीचको असमझदारीले सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा पदाधिकारी चयन अलपत्र परेको छ। आयोग अध्यक्षमा प्रमुख दुई सत्तारुढ दलबीच सहमति नबनेपछि दुबै आयोगमा पदाधिकारी नियुक्तिको सिफारिस गर्न गठित सिफारिस समिति नै विघटन भएको छ। समिति विघटन हुँदा तत्कालका लागि आयोग पदाधिकारी चयन रोकिएको छ । संक्रमणकालीन न्यायसँग जोडिएका आयोगका पदाधिकारी चयनलाई सामान्य राजनीतिक नियुक्तिको रुपमा लिएर भाडबण्डा गर्नु असंवेदनशील हर्कत हो । सत्तारुढ दलको भागबण्डा नमिल्दा शान्ति प्रक्रियाको संक्रमणकालीन न्याय जस्तो संवेदनशील प्रक्रिया टुंग्याउने आयोगका पदाधिकार चयन नै अलपत्र परेको छ।

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

सिमकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमकोट, हुम्ला

# शिक्षामा सुधार अपरिहार्य

प्रवीनकुमार यादव


प्रवीनकुमार यादव

**शिक्षा सुधारको सबैभन्दा ठुलो चुनौती भनेको देशभर असमानताको अवस्था हो । हिमाली, पहाडी र तराईका विभिन्न भौगोलिक क्षेत्रको भौतिक, आर्थिक र सामाजिक अन्तरले शिक्षामा ठुलो विभेद निम्त्याएको छ । उदाहरणका लागि, नेपालको दुर्गम गाउँमा अझै पनि धेरै बालबालिका विद्यालय बाहिर छन् । शिक्षा मन्त्रालयको प्रतिवेदन अनुसार, ग्रामीण क्षेत्रमा १५ प्रतिशत बालबालिका आधारभूत शिक्षा पनि पूरा गर्न नसक्ने अवस्थामा छन् ।**

दक्षिण अफ्रिकाका महान् नेता नेल्सन मन्डेलाले भन्नुभएको छ कि 'शिक्षा दुनियाँ परिवर्तन गर्ने शक्तिशाली हतियार' हो । वास्तवमा हो पनि तर विडम्बना शिक्षा समाजको समग्र विकासको मेरुदण्ड हुँदा पनि यसको अवस्था भने दयनीय रहेको छ। जहाँ संविधान, राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनी दस्ताबेजमा शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखिएको भए पनि यसको प्रभावकारी कार्यान्वयन चुनौतीपूर्ण देखिन्छ। शिक्षाले समग्र मानव जीवनलाई सभ्य, सुशील र दिगो विकासमा योगदान दिन सक्षम बनाउने माध्यमका रूपमा मानिन्छ। वर्तमान युगमा शिक्षाले राष्ट्रिय र अन्तर्राष्ट्रिय सम्बन्धहरू, सामाजिक न्याय, र आर्थिक प्रगतिलाई सुदृढ बनाउन विशेष महत्व राख्छ। विश्वव्यापीकरणले गर्दा शिक्षा व्यक्ति, समुदाय र राष्ट्को समृद्धिका लागि अपरिहार्य साधन बनेको छ । यद्यपि नेपाल जस्तो विकासोन्मुख देशका लागि समावेशी र अद्यावधिक शिक्षा प्रणाली निर्माण गर्न गम्भीर सुधारको आवश्यकता छ।

**कानुनी प्रावधान र तिनको महत्व**

नेपालको संविधानको धारा ३१ ले शिक्षा अधिकारलाई मौलिक हकका रूपमा परिभाषित गरेको छ । धारा ५१ को निर्देशनात्मक सिद्धान्तमा शिक्षालाई समानता, समावेशिता र गुणस्तरीय बनाउन राज्यको दायित्व सुनिश्चित गरिएको छ । साथै अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ ले पनि प्रत्येक नागरिकलाई अनिवार्य र निःशुल्क आधारभूत शिक्षा तथा माध्यमिक तहसम्मको निःशुल्क शिक्षा प्राप्त गर्ने अधिकार, अशक्त व्यक्ति, दलित, आदिवासी जनजाति, सीमान्तकृत समुदाय र विपन्न वर्गका लागि विशेष व्यवस्था गरिने छ र शिक्षा निजीतर्फ मात्र सीमित हुनु नहुने र सामाजिक न्यायसहित राज्यले शिक्षा प्रदान गर्ने दायित्व वहन गर्नुपर्ने व्यवस्था प्रदान गरेको छ । यसै गरी जाँन डिवेले शिक्षा प्रणालीलाई समाजको वास्तविक आवश्यकतासँग जोड्नुपर्ने कुरामा जोड दिनुभएको थियो। उहाँका अनुसार शिक्षा जीवनका लागि होइन, जीवन नै शिक्षा हो। यससँगै नेपाल सरकारले शिक्षा ऐन, २०२८ मार्फत विद्यालय शिक्षा, व्यवस्थापन, पाठ्यक्रम र परीक्षामा सुधारका लागि कानुनी ढाँचा तयार गरेको छ । शिक्षा ऐन, २०७५ र आधारभूत तथा माध्यमिक शिक्षा नियमावली, २०७७ ले शिक्षाको गुणस्तर वृद्धि र सहज पहुँचमा जोड दिएको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले समावेशी र गुणस्तरीय शिक्षालाई मुख्य प्राथमिकतामा राख्दै बालबालिकाको पहुँच सुनिश्चित गर्ने उद्देश्य लिएको छ। अन्तर्राष्ट्रिय सन्धि र घोषणाहरूले पनि नेपालको शिक्षा क्षेत्रमा गहिरो प्रभाव पारेका छन्। मानव अधिकार घोषणा पत्र, १९४८ को धारा २६ ले प्रत्येक व्यक्तिलाई शिक्षा प्राप्त गर्ने हकको ग्यारेन्टी गरेको छ । संयुक्त राष्ट्रसङ्घको सहस्राब्दी विकास लक्ष्यले सन् २०३० सम्म सबैका लागि समावेशी, समान र गुणस्तरीय शिक्षा प्रदान गर्ने लक्ष्य राखेको छ । यसै गरी बालअधिकार महासन्धि सन् १९८९ को धारा २८ ले शिक्षामा पहुँचलाई बालबालिकाको आधारभूत अधिकार का रूपमा मान्यता दिएको छ। यी कानुनी प्रावधानले शिक्षा क्षेत्रमा सुधारका लागि आवश्यक दिशानिर्देश उपलब्ध गराएका छन् तर कानुनी प्रावधानको प्रभावकारी कार्यान्वयनको अभाव देखिन्छ । उदाहरणका लागि, नेपालमा दुर्गम क्षेत्रमा विद्यालयको पहुँच कमजोर छ, गुणस्तरीय शिक्षकको अभाव छ र धेरै विद्यालयमा आवश्यक स्रोतसाधन तथा पूर्वाधारको कमी छ । यसको अतिरिक्त शिक्षाको राजनीतीकरण र नीति कार्यान्वयनको कमजोरीले शिक्षा प्रणालीलाई अझ कमजोर बनाएको छ।

**शिक्षा क्षेत्रका चुनौती**

शिक्षा सुधारको सबैभन्दा ठुलो चुनौती भनेको देशभर असमानताको अवस्था हो। हिमाली, पहाडी र तराईका विभिन्न भौगोलिक क्षेत्रको भौतिक, आर्थिक र सामाजिक अन्तरले शिक्षामा ठुलो विभेद निम्त्याएको छ । उदाहरणका लागि, नेपालको दुर्गम गाउँमा अझै पनि धेरै बालबालिका विद्यालय बाहिर छन् । शिक्षा मन्त्रालयको प्रतिवेदन अनुसार, ग्रामीण क्षेत्रमा १५ प्रतिशत बालबालिका आधारभूत शिक्षा पनि पूरा गर्न नसक्ने अवस्थामा छन्। नेपालमा शिक्षा क्षेत्रमा समान पहुँच नहुँदा केही वर्ग र क्षेत्रका विद्यार्थी गुणस्तरीय शिक्षाबाट वञ्चित छन् । ग्रामीण क्षेत्रमा बालबालिकाको विद्यालय जान सक्ने दर सहरभन्दा कम छ। विसं २०७९/८० को प्रतिवेदन बमोजिम गाउँमा प्राथमिक विद्यालय जान सक्ने दर ७४ प्रतिशत र सहरमा प्राथमिक विद्यालय जान सक्ने दर ९१ प्रतिशत छ। त्यसै गरी २०७९/८० को प्रतिवेदनबमोजिम शिक्षाको गुणस्तर अझै पनि चुनौतीपूर्ण रहेको छ । विद्यार्थीको सिकाइ क्षमता अपेक्षाभन्दा कम छ । विद्यालयमा विद्यार्थीको नियमित उपस्थिति ७० प्रतिशत र विद्यालय छोड्ने दर प्राथमिक तहमा १४ प्रतिशत, माध्यमिक तहमा २३ प्रतिशत छ । साथै शिक्षकहरूको अभाव र गुणस्तरीय शिक्षकहरूको कमीले शिक्षाको गुणस्तरमा असर गरिरहेको छ। २०७९/८० को प्रतिवेदनबमोजिम प्राथमिक तहमा प्रशिक्षित शिक्षकको प्रतिशत ६५ प्रतिशत रहेका छन् भने माध्यमिक तहमा प्रशिक्षित शिक्षकको प्रतिशत ७० प्रतिशत छ । विद्यालयमा आवश्यक पूर्वाधारको अभावले विद्यार्थीको सिकाइ वातावरणमा असर गरिरहेको छ। विद्यालयको भवन अवस्था ४५ प्रतिशत विद्यालय मर्मत र सुधार गर्न आवश्यक छ । शौचालय सुविधाको अभाव ३० प्रतिशत विद्यालयमा शौचालयको अभाव रहेको छ । प्राविधिक र व्यावसायिक शिक्षाको अभावले रोजगार र उद्यमशीलता क्षेत्रमा समस्या गरिरहेको छ । प्राविधिक शिक्षा प्राप्त विद्यार्थीको संख्या कुल विद्यार्थीको १५ प्रतिशत मात्र रहेको छ, जुन तोकिएको भन्दा एकदमै कम हो।

अर्को चुनौती शिक्षाको गुणस्तर हो । नेपालको कुल गार्हस्थ उत्पादनमा शिक्षा क्षेत्रको बजेट न्यून रहेको छ । यस्ता न्यून बजेटले गुणस्तरीय शिक्षा दिन असम्भव हुन्छ। शिक्षामा रहेको पाठ्यक्रमले व्यावहारिकताभन्दा परम्परागत ज्ञानलाई मात्र जोड दिने गरेको छ। सामाजिक, आर्थिक पक्षमा पनि शिक्षा सुधारका लागि चुनौती छन् । गरिबी र बेरोजगारीका कारण धेरै अभिभावकले आफ्ना बालबालिकालाई विद्यालय पठाउन नसक्ने स्थिति छ। यसमा डिजिटल शिक्षाको समयसापेक्ष माग भए पनि अधिकांश विद्यालयमा इन्टरनेट, कम्प्युटर र स्मार्ट कक्षाकोठा जस्ता सुविधा उपलब्ध छैनन्। अर्कोतर्फ बाल विवाह, बालश्रम र लैङ्गिक भेदभावले थप समस्या सिर्जना गरेका छन्।

**समाधान र कार्यान्वयनका उपाय**

शिक्षामा सुधारका लागि गुणस्तरीय कानुनी व्यवस्थाको कार्यान्वयन, स्रोतसाधनको समान वितरण र शिक्षालाई सर्वसुलभ बनाउनु अत्यावश्यक छ । अन्तर्राष्ट्रिय प्रचलन अनुसार, संयुक्त राष्ट्रसङ्घको शिक्षासम्बन्धी फ्रेमवर्क फर एक्सनले शिक्षा सबैका लागि सुलभ, समावेशी, र गुणस्तरीय बनाउन सदस्य राष्ट्रहरूलाई सिफारिस गरेको छ । नेपालले यस ढाँचालाई प्रभावकारी रूपमा अपनाउनु पर्छ। साथै शिक्षामा प्राविधिक र व्यावसायिक विषयको समावेश गर्नुपर्ने आवश्यकता छ । फिनल्यान्ड र सिङ्गापुर जस्ता देशले शिक्षामा प्रयोगात्मक र नवप्रवर्तनकारी विधि अपनाएर सफल भएका छन् । नेपालले यी अभ्यासबाट पाठ सिकेर आफ्ना पाठ्यक्रम र शिक्षण पद्धतिमा सुधार गर्न सक्छ। शिक्षामा डिजिटल उपकरणको प्रयोग, शिक्षकको तालिम र क्षमता अभिवृद्धि र विद्यार्थीको मनोविज्ञानलाई बुझेर शिक्षण पद्धति विकास गर्नु आवश्यक छ । कानुनी रूपमा व्यवस्था गरिएका शिक्षासम्बन्धी हक र सुविधा सबै नागरिकसम्म पुऱ्याउन सरकारले ठोस योजना बनाउनु पर्छ। संविधानले तोकेका प्रावधानको पूर्ण कार्यान्वयन सुनिश्चित गर्न, शिक्षा मन्त्रालयले जिम्मेवार निकायलाई स्पष्ट भूमिका दिनु पर्छ । सरकारले शिक्षा क्षेत्रमा बजेट बढाउनु आवश्यक छ। युनेस्कोले सिफारिस गरे अनुसार कुल बजेटको कम्तीमा २० प्रतिशत शिक्षामा खर्च गरिनु पर्छ । विद्यालय सुधारका लागि स्थानीय सरकारको भूमिकालाई थप सशक्त बनाउनु पर्छ ।

*–गोरखापत्र*

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरुमा सबै पालिकावासीले सहयोग गरौं ।

राप्ती सोनारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अगैया, बाँके

# बजारमा माग बढ्दै, वनमा खेर जाँदै टिमुर

नमस्ते समाचारदाता
बाजुरा, पुष/०३



देशका विभिन्न गाउँमा टिमुरको माग बढ्दै गएको बेला बाजुराको जङ्गलमा भने टिमुर त्यतिकै खेर जाने गरेको छ । टिमुरको महत्त्वबारे बाजुराका स्थानीयलाई खासै जानकारी नहुँदा यहाँका अधिकांश वनजङ्गलमा टिमुर त्यतिकै खेर जाने गरेको हो । व्यक्तिगत प्रयोजनका लागि थोरै ल्याउने गरेको भए पनि बजार बिक्री गर्ने गरी यहाँका स्थानीयले टिमुर नटिप्ने गरेको छेडेदह गाउँपालिका -२ जयवाग्श्वरीका स्थानीय हिरा रोकायाले बताउनुभयो । उहाँले भन्नुभयो, “गाउँमा बिक्री हुँदैन । जिल्लाभन्दा बाहिर लिएर बेच्न रोक गरेको छ । त्यसैले यता कसैले टिमुर नटिपेपछि त्यो त्यत्तिकै वनमा खेर जाने गरेको छ।” अहिले केहीले त टिमुर टिप्ने गरेका छन् । तर उनीहरुले पनि मेहनेत गरे अनुसार पैसा नपाउँनु बिक्री गर्न लिदा पनि जोखिम मोहल्नु पर्ने समस्या भएकाले टिमुर टिप्नै छोडेको रोकायाले बताउनुभयो । पछिल्लो समयमा बाजुराका केही स्थानीय निकायले टिमुर खेती गर्ने योजना बनाएका छन् । पछिल्लो समय देश विभिन्न सहरका होटेलमा टिमुरको अचारको माग बढ्दै गएपछि स्थानीय निकायले पनि टिमुरको व्यावसायिक खेती गर्ने चाँसो देखाएका हुन् । बाजुराको गौमुल गाउँपालिका वडा नं -२ को वडापालिकाले पछिल्लो समय टिमुर खेती सुरु गरेको गौमुल गाउँपालिका वडा -२ का वडा अध्यक्ष देव रोकायाले बताउनुभयो । उहाँले भन्नुभयो, “टिमुरको पछिल्लो समय विभिन्न ठाउँबाट माग आउने गरेकोले यहाँका स्थानीयलाई टिमुर खेती गर्नमा उत्प्रेरित गर्दै आएको हो ।” नेपालको पूर्व, मध्य र पश्चिम नेपालमा टिमुर पाइन्छ । टिमुर २ देखि ३ मिटरभन्दा अग्लो, काँडेदार, सुगन्धित, सानो खालको रुख वा झाडी वर्गको, पतझड वनस्पतिको हो । बाजुराको बुढीन्नदा, बडीमालिका, गौमुल, बुढीगङ्गा, त्रिवेणी र खप्तड छेडेदहको विभिन्न वनमा पनि प्रसस्त टिमुर पाइन्छ । बाजुराको लेकाली ठाउँको ११ देखि २५ सय मिटरसम्मको उचाईमा टिमुर फल्ने गर्छ । एउटा परिपक्व बोटमा झण्डै २ देखि ४ किलो टिमुर फल्दछ । पछिल्लो समय जिल्ला बाहिरका बजारमा यसको राम्रो माग हुने गरेको छ । प्रति किलोको २ देखि ३ सय पर्ने गर्छ । आयुर्वेदिक प्रणाली अनुसार यो वायुशमन गर्ने, दाँत दुखेको निको गर्ने, तागत दिने, जरो निको गर्ने, अजिर्ण र हैजा इत्यादि रोगहरूमा समेत प्रयोग गरिन्छ। यो माछाको विषमा पनि प्रयोग गरिन्छ । तर बाजुरामा अधिकांश गाउँ बस्तीका वनमा भने पहिले देखि अहिलेसम्म टिमुर त्यसै खेर जाने गरेको यहाँका स्थानीय बताउँछन् । बाजुरामा टिमुरको मूल्य राम्रो नहुँदा यहाँका अधिकांश स्थानीयले सामान्य तरिकाले घरमा प्रयोग गर्न मात्र टिप्ने गरेको स्थानीय नरबहानुर रावतले बताउनुभयो । उहाँले भन्नुभयो, “हिउँदको महिना रुघाखोकी लागेको बेला ताँतो पानीसँगै टिमुरको धुलो हालेर खाने गरेपछि रुघाखोकी निको हुने गर्छ । त्यति मात्र होइन की अहिले यहाँका स्थानीयले प्रत्येक दिनमा नास्ता तथा खानामा समेत टिमुर प्रयोग गर्न थालेका छन् ।” गाउँमा टिमुर बिक्री हुँदैन बजारमा टिमुर लान नमिल्ने भएकोले टिमुर वनमा त्यसै खेर जाने गरेको रावतले बताउनुभयो । दश केजीसम्म व्यक्तिगत प्रयोजन गर्न पाइने डिभिजन बन कार्यालय बाजुराका प्रमुख भोजराज पाठकले बताउनुभयो । उहाँले भन्नुभयो, “टिमुर खरिद गर्नमा कुनै रोकावट छैन । टिमुर खरिद बिक्री गर्ने गरी टिमुर सङ्कलन गर्ने तथा इजाजत हुनु पर्छ ।” बाजुरामा टिमुर राम्रो फल्ने गरेको छ । त्यो टिमुर टिपेर खरिद गर्न निकै सहज छ । त्यसका लागि सङ्कलन इजाजत तथा राजस्व तिरेको काजजागत भएपछि देशका विभिन्न ठाउँमा खरिद बिक्री गर्न सकिने छ । नेपालमा वार्षिक सरदर १२ सय किलो टिमुरको तेल उत्पादन हुने अनुमान गरिएको छ । एक हेक्टर जग्गामा २ हजार देखि ४ हजार किलो टिमुर फल्ने गरेको डिभिजन वन कार्यालय बाजुराले जनाएको छ ।

# बाँकेका आठ स्थानीय तहका ६१ उजुरी माथि छानबिन

नमस्ते समाचारदाता
बाँके, पुष/०३




बाँकेका विभिन्न स्थानीय तहमा पछिल्लो समय बेथिति बढ्दै गएको पाइएको छ । जिल्लाका आठ वटा स्थानीय तहमा भ्रष्टाचार भएको भनी १०२ वटा उजुरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेसँगै स्थानीय तहहरुमा बेथिति बढेको देखिएको हो । चालु आर्थिक वर्ष २०८१/०८२ को मंसीर मसान्तसम्म अख्तियार दुरुपयोग अनुसन्धान आयोग बुटवलको सम्पर्क कार्यालय नेपालगन्जमा जिल्लाका आठ वटा स्थानीय तहमा भ्रष्टाचार भएको उल्लेख गरेर परेका उजुरी मध्ये ६१ वटा उजुरीको छानबिन भइरहेको कार्यालयले जनाएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सम्पर्क कार्यालय नेपालगन्जका प्रमुख गणेशबहादुर अधिकारीले चालु आर्थिक वर्षको पाँच महिनामा बाँकेका स्थानीय तहहरुका विरुद्ध परेका उजुरी मध्ये ४१ वटा फछ्र्यौट गरिसकिएको र ६१ वटाको छानबिन भइरहेको बताए । अधिकारीले अघिल्लो आर्थिक वर्षबाट सरेर आएको समेत गरी १०२ वटा भ्रष्टाचारका उजुरी पुगेकोमा हालसम्म ४१ वटा फछ्र्यौट गरिएको जानकारी दिए ।

## उचित...

यो खेती हुने सबै जमिनमा अहिले धान खेती भइरहेको छैन । सहरी क्षेत्रमा धान खेती हुने जमिनमा बस्ती बसिरहेको छ भने दुर्गम क्षेत्रमा सिँचाइ अभाव, किसानले धान खेती लगाउन छाड्दै जानुले धान खेतीको विस्तार हुन नसकिरहेको र अर्कोतिर उत्पादन घट्दै गएको कृषि अधिकृत थापाले बताए । कुल खेतीयोग्य जमिनमध्ये ३८ हजार ३३ हेक्टर क्षेत्रफलमा वर्षभरि सिँचाइ सुविधा पुग्छ भने ३० हजार ३०२ हेक्टर क्षेत्रफल आंशिक सिँचाइ हुने क्षेत्रमा पर्छ । समग्रमा कुल खेतीयोग्य जमिनको ३१.५१ प्रतिशत भूभागमा मात्र सिँचाइ सुविधा छ ।

गाउँपालिका द्वारा जारी सन्देश

१. आफ्नो घर आगन सफा राखौं ।
२. विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
३. बालबालिका लाई विद्यालय पठाऔं काममा नलगाऔं ।
४. हावाहुरी चल्ने समयमा आगो जथाभावी नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
५. छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
६. जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरु समयमै नै दर्ता गरौं ।
७. आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
८. सभ्य समाजको निमार्णमा सहयोग पुऱ्याऔं ।
९. दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
१०. सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरुमा काँधमा काँध मिलाएर अघि बढौं ।

नाम्खा गाउँपालिका
हुम्ला

# फुटबल संघ बाँकेमा तीन पदाधिकारी र एक सदस्य मनोनित




नमस्ते समाचारदाता
बाँके, पुष/०३

बाँके जिल्ला फुटबल सङ्घले रिक्त रहेका तिन पदाधिकारी र एक सदस्य मनोनित गरेको छ । बाँके जिल्ला फुटबल सङ्घको बैठकले कोषाध्यक्षमा सानु तामाङ, सहमहासचिवमा दिर्घराज आचार्य (कौशल) र सरिता थापा(शाह) लाई मनोनित गरेको छ । यसैगरी सङ्घको सदस्यमा कर्ण बस्नेतलाई मनोनित गरिएको अखिल नेपाल फुटबल सङ्घका केन्द्रिय सदस्य एवम् बाँके जिल्ला फुटबल सङ्घका अध्यक्ष भोजराज शाहीले जानकारी दिनुभयो । सङ्घको विधानमा रहेको व्यवस्था अनुसार मनोनित गरिएको अध्यक्ष शाहीले बताउनुभयो । उहाँले भन्नुभयो, ‘‘सङ्घको कार्यसमितिलाई चलायमान गराउन मनोनित गरिएको हो । फुटबल क्षेत्रमा योगदान गरिरहनु भएको व्यक्तिलाई समेटदैं कार्यसमितिमा मनोनित गरिएको हो । मनोनित हुनुभएका सबैले बाँके जिल्लाको फुटबल विकासमा थप क्रियाशिल भएर काम गर्नु हुनेछ भन्ने विश्वास छ ।’’ कोषाध्यक्षमा मनोनित हुनुभएका तामाङ राष्ट्रिय खेलकुद परिषद्को पूर्व प्रशिक्षक हुनुहुन्छ । चार दशकदेखि फुटबल खेलाडी उत्पादनमा योगदान गरिरहनुभएका तामाङ मिलन युवा क्लबको अध्यक्ष हुनुहुन्छ। सहमहासचिवमा मनोनित आचार्य रोयल नेपालगन्ज फुटबल क्लबका महासचिव हुनुहुन्छ भने थापा कारकाँदो युवा स्पोट्स क्लबका महासचिव हुनुहुन्छ । यसैगरी सदस्यमा मनोनित बस्नेत कोहलपुर रेसिङ सहारा क्लबको सल्लाहाकार तथा कोहलपुर गोल्ड कपको संयोजक हुनुहुन्छ ।

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
अदानचुली गाउँपालिका
श्रीनगर, हुम्ला

# बाँकेको जानकी गाउँपालिकाका ५९ बालबालिकामा कुपोषण

नमस्ते समचारदाता
बाँके, पुष/०३



मधेशी र मुस्लिम समुदायको बाहुल्य रहेको बाँकेको जानकी गाउँपालिकामा ६ देखि ५९ महिनाका ५९ जना बालबालिकामा कुपोषणको समस्या देखिएको गाउँपालिकाको स्वास्थ्य शाखाले जनाएको छ। जानकी गाउँपालिकाको स्वास्थ्य शाखाका फोकल पर्सन तामलाल बलबासेले चेतनाको अभाव र गरिबीका कारण पालिकामा अझै पनि ५९ जना बालबालिका कुपोषित रहेको पाइएको बताए। उनले गत आर्थिक वर्षमा ६ देखि ५९ महिना सम्मका कुपोषित बालबालिकाको संख्या ७९ रहे पनि पोषण उपचार केन्द्रमा राखेर बालबालिकाको उपचार गरेपछि हाल सो संख्या घटेर ५९ पुगेको बताए। जानकी गाउँपालिकाका ६ देखि ५९ महिनासम्मको उमेरका ३ हजार ९ सय ७३ जना बालबालिका मध्ये ५९ जनामा कुपोषणको समस्या देखिएपछि सो समस्या समाधानका लागि पालिकामा पोषण परियोजना सञ्चालन गरिएको स्वास्थ्य शाखा प्रमुख बेलबासेले जानकारी गराए। उबेलबासेका अनुसार सो परियोजना केयर नेपाल र आइडी नेपालको सहयोगमा भेरी वातावरणीय विशिष्टता समूह बी-ग्रुपले सञ्चालन गरेको छ। सोही परियोजना अन्तर्गत पालिकामा रहेका बालबालिकाको पोषण लेखाजोखा तथा व्यवस्थापन सम्बन्धी एक कार्यक्रम नेपालगन्जमा सम्पन्न गरिएको छ। सो कार्यक्रमको अध्यक्षता गर्दै जानकी गाउँपालिकाका अध्यक्ष छब्बन खाँले अशिक्षा, गरिबी र चेतनाको अभावले गर्दा पालिकामा पोषण सम्बन्धी समस्या धेरै देखिएको जनाउँदै यस्ता परियोजनाबाट सो समस्या समाधान हुने विश्वास व्यक्त गर्नुभयो लिएको धारणा व्यक्त गरे। उनले परियोजनालाई सफल पार्न पालिकाले हरेक प्रकारको सहयोग, समन्वय र सहकार्य गर्ने प्रतिबद्धता पनि गरे। सो कार्यक्रममा गाउँपालिकाका उपाध्यक्ष रामप्यारी यादव, स्वास्थ्य शाखाका कर्मचारीहरु, पालिकाभित्रका सबै स्वास्थ्य चौकीका इन्चार्जहरु, सबै वडाका वडा अध्यक्ष लगायत अन्य सरोकारवालाको सहभागिता थियो। कार्यक्रममा जानकी गाउँपालिका स्वास्थ्य शाखाका फोकल पर्सन बेलबासेले गाउँपालिकाको पोषणसम्बन्धी लेखाजोखा प्रस्तुत गरेका थिए भने परियोजनाका स्वास्थ्य अधिकृत सुजाता आचार्यले परियोजनाका मुख्य कार्यक्रमहरु बारे जानकारी गराउँदै त्यसलाई सफल पार्न स्वास्थ्य संस्थाहरु र गाउँपालिकाको भूमिकाका बारेमा जानकारी गराएकी थिइन। बाँके जिल्लामा रहेका ६ देखि ५९ महिनाका बालबालिकालाई पोषणसम्बन्धी समस्याबाट जोगाउनका लागि बिग्रुपले जिल्लाका जानकी, खजुरा, बैजनाथ, राप्ती सोनारी र डुडुवा गरेर पाँच वटा पालिकामा पोषण परियोजना सञ्चालन गरेको स्वास्थ्य कार्यालय बाँकेले जनाएको छ।

# कर्णालीमा बस्ती विकास योजनालाई प्राथमिकता




नमस्ते समचारदाता
सुर्खेत, पुष/०३

कर्णाली प्रदेश सरकारले बस्ती विकास योजनालाई प्राथमिकतामा राखेको छ। चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा समेटेर उक्त योजनालाई अघि बढाएको हो। छरिएर रहेको एवं जोखिमयुक्त बस्तीलाई ध्यानमा राखी एकीकृत बस्ती विकास गर्न लागिएको हो। आवश्यक पूर्वाधार निर्माण गरेर पर्यटक भित्र्याउने लक्ष्य सरकारको छरु। सोही लक्ष्य बमोजिम पूर्वाधार निर्माण गर्न लागिएको हो। सङ्घ र प्रदेश सरकारको सहलगानीमा पूर्वाधार निर्माण गरिने छ। उक्त योजना अन्तर्गत कैलाश प्रवेशद्वारका रूपमा हुम्लाको सदरमुकाम र डोल्पा जिल्लाको से फोक्सुन्डो तालको किनाराको बस्तीलाई विकास गर्न लागिएको हो। गत आवबाट उक्त योजना अघि बढाइएको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयले जनाएको छ। उक्त वर्ष दुइटै जिल्लामा प्री फिजिबिलिटी अध्ययनको काम गरिएको थियो। गत वर्ष बजेटको स्रोत सुनिश्चित नहुँदा पूर्वाधार निर्माणका काम नभएको मन्त्रालयका प्रवक्ता रमेश सुवेदीले बताएका छन्। सुवेदीका अनुसार सङ्घ र प्रदेश सरकारको सहलगानीमा पर्यटन प्रवर्द्धन गर्न बस्ती विकासका लागि पूर्वाधार निर्माण गर्न लागिएको हो। गत वर्षबाट सुरु गरिएको उक्त कार्यक्रमको निरन्तरताका लागि यो वर्ष पनि प्रदेश सरकारले बजेट विनियोजन गरेको छ। कैलाश प्रवेशद्वारका रूपमा हुम्लाको सदरमुकाम र डोल्पा जिल्लाको से फोक्सुन्डो तालको किनाराको बस्तीलाई विकास गर्न ४६ करोड बजेट विनियोजन गरिएको हो। अहिले दुइटै योजनाको फाइल भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयमा पेस गरिएको छ। बजेटको स्रोत सुनिश्चितका लागि फाइल मन्त्रालयमा पेस भएको प्रवक्ता सुवेदीले बताए। प्रदेश योजना आयोग र आर्थिक मामिला तथा योजना मन्त्रालयले सहमति दिएको खण्डमा पूर्वाधार निर्माणका लागि ठेक्का आह्वानको काम अघि बढ्ने छ। डोल्पाको से फोक्सुन्डो गाउँपालिका-७ र ८ को बस्तीलाई एकीकृत गरेर बस्ती विकास गर्न लागिएको हो। गत आवबाट उक्त काम थालिएको हो। यो वर्ष बजेटको स्रोत सुनिश्चित गरेर काम अघि बढाउन लागिएको पूर्वाधार विकास कार्यालय डोल्पाले जनाएको छ। से फोक्सुन्डो ताल किनाराको 'रिङ्मो बस्ती विकास' गर्न लागिएको कार्यालय प्रमुख टेक हितानले बताएका हुन।

# प्यूठानमा एचआइभी सङ्क्रमितको संख्या बढ्दोक्रममा

नमस्ते समचारदाता
प्यूठान, पुष/०३



प्यूठानमा अहिले एचआईभी सङ्क्रमित भएका व्यक्तिको संख्या १ सय ३० पुगेको छ। सङ्क्रमित सबैले जिल्ला अस्पतालको एआरटी सेन्टरबाट नियमित औषधी खाने गरेका छन्। उनीहरूलाई जिल्ला अस्पताल बिजुवारमा रहेको एआरटी सेन्टरबाट परामर्शका साथै एआरटी औषधी उपलब्ध गराइने गरिएको एआरटी काउन्सिलर मेनुका केसीले बताएकि छिन्। केसीका अनुसार रोजगारीका लागि भारत जाने सङ्क्रमित व्यक्तिले ६ महिनाका लागि पुग्ने गरी औषधी लैजाने गरेका छन्। टाढाका सङ्क्रमितले २ महिना र नजिकका सङ्क्रमितले १ महिनाका लागि औषधी लैजाने गरेको उनले बताइन। जिल्लाभर अहिले घर घरमै पुगेर एचआइभी परीक्षण गर्ने गरिएको छ। एचआइभी तथा क्षयरोग रोकथाम कार्यक्रम अन्तर्गत घरमै पुगेर निःशुल्क रूपमा एचआईभी परीक्षण गर्ने गरिएको हो। एचआइभी सङ्क्रमणको सम्भावित जोखिममा रहेका भारतमा रोजगारीका लागि जाने व्यक्ति र तिनको परिवारलाई लक्षित गरी सेभ दी चिल्ड्रेन/ग्लोबल फन्डको सहयोगमा मल्लरानी ग्रामीण विकास सरोकार केन्द्रले यो अभियान चलाइरहेको छ। घरमा पुगेर परीक्षण गरिनुका साथै घुम्ती शिविर मार्फत समेत सेवा प्रवाह गर्ने संस्थाले जनाएको छ। त्यसका लागि स्थानीय तहका स्वास्थ्य शाखासँग समन्वय गरी शिविर गर्ने गरिएको संस्थाका कार्यकारी प्रमुख विजयकुमार श्रेष्ठले जानकारी दिए। त्यसै गरी एचआइभी सङ्क्रमितको साझा संस्था प्युठान प्लसले सङ्क्रमितको हेरचाहमा सहयोग गर्दै आएको छ। एचआइभी तथा एड्स महासङ्घसँगको साझेदारीमा केयर एन्ड सपोर्ट कार्यक्रम सञ्चालन गर्दै आएको कार्यक्रम तथा वित्त अधिकृत तपेन्द्र विकले जानकारी गराए।

सुवर्ण अवसर ! सुवर्ण अवसर !! सुवर्ण अवसर !!!

यस गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि. शाखा कार्यालय कोहलपुर ३ पेलेनचोकमा उद्घघाटन को अवसरमा विभिन्न कोर्षमा ५०% छुटमा विभिन्न कक्षाहरु संचालन हुन गहिरहेको हुदा तालिम लिन चाहनुहुने व्यक्तिहरूले सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

तालिमहरु / सिट



बेसिक कम्प्यूटर (Basic Computer) ७० सिट
अंग्रेजी भाषा (English Language) ५० सिट
डिप्लोमा कम्प्यूटर (Diploma Computer) ५० सिट
Online Package (Email/internet) ३० सिट

तपशिल
फारम भर्ने अन्तिम मिति :-
भर्ना मिति :-
कक्षा संचालन मिति :-

फारम पाइने स्थान
गोल्डेन गेट मल्टिपल एकेडेमी प्रा.लि.
प्रधान कार्यालय : कोहलपुर-११, गोलपार्क, बाँके
शाखा कार्यालय : कोहलपुर-३, पेलेनचोक, बाँके
सम्पर्क नं. ९८४७२४६९०३, ९८६८३७०८०५, ९८६९९६८१६५ goldengate2075@gmail.com

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्याक्तिगत घटनाहरू भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं।

नाम्खा गाउँपालिका
हुम्ला

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी, प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत, हुम्ला, मुगु, कालिकोट, जुम्ला, डोल्पा, बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके